
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्नें छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २३ ❑ अङ्क १२० ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ जेठ २ गते सोमबार ❑ 16 May 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-

## उद्घाटन हुँदै गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल र ध्यान केन्द्र

**रासस**
**लुम्बिनी, १ जेठ**

बुद्ध जन्मस्थल लुम्बिनीमा निर्माण भएको राष्ट्रिय गौरवको आयोजना गौतमबुद्ध अन्तराष्ट्रिय विमानस्थल र अन्तर्राष्ट्रिय बौद्ध सम्मेलन तथा ध्यान केन्द्रको एकै दिन उद्घाटन हुने भएको छ । प्रधानमन्त्री शेरबहादुर देउवाले ती दुई आयोजनाको सोमबार उद्घाटन गर्ने कार्यक्रम रहेको छ।

बुद्ध जन्मस्थल लुम्बिनीमा हवाई मार्ग हुँदै आउने पर्यटकलाई केन्द्रित गरी लुम्बिनीबाट करिब २२ किलोमिटको दूरीमा निर्माण गरिएको गौतमबुद्ध अन्तर ाष्ट्रिय विमानस्थल भोलिदेखि औपचारिक रूपमा सञ्चालनमा आउनेछ । यो विमानस्थल सञ्चालनमा आउँदा बुद्ध जन्मस्थल लुम्बिनीलाई विमानस्थलले अन्तर ाष्ट्रियजगत्सँग सिधा हवाई सम्पर्क स्थापित गर्नेछ।

सोमबार बिहान कुवेतको जजिरा एयरलाइनसले पहिलो व्यावसायिक उडान भरेर गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा अवतरण गरेपछि विमानस्थल औपचारिक रूपमा व्यावसायिक रुपले सञ्चालनमा आउनेछ। करिब एक महिनादेखि नयाँ रनवेबाट आन्तरिक उडान सुरु गरिए पनि अन्तर्राष्ट्रिय उडान भने सोमबारदेखि मात्र हुनेछन् । बुद्ध जयन्तीका अवसर पारेर कुवेतको जजिरा एयरलाइन्सले पहिलोपटक सोमबार बिहान १७५ जना यात्रु बोकेर विमानस्थलमा जहाज अवतरण गर्ने कार्यतालिका रहेको गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलका महाप्रबन्धक गोविन्द दाहालले जानकारी दिनुभयो । उक्त विमान सोमबार नै ९० जना यात्रु बोकेर कुवेत प्रस्थान गर्ने महाप्रबन्धक दाहालले जानकारी दिनुभयो ।

अन्तर्राष्ट्रियरूपमा व्यावसायिक उडान सुरु भएपछि जजिरा एयरलाइन्सले यहाँबाट नियमित रूपमा हप्तामा तीनवटा उडान भर्ने गरी अनुमति लिएको र अन्य एयरलाइन्स थाई स्माइल एयरलाइन्स, श्रीलङ्काको श्रीलङ्कन एयरलाइन्स, कतारको कतार एयरलाइन्सले पनि गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलबाट हवाई उडान सञ्चालनका अनुमति लिने तयारीमा रहेको महाप्रबन्धक दाहालले जानकारी दिनुभयो। विसं २०७१ को माघमा तत्कालीन प्रधानमन्त्री सुशील कोइरालाले शिलान्यास गरेको विमानस्थल ३ वर्षभित्रै निर्माण गर्ने लक्ष्य राखिएको थियो । विभिन्न खालका आन्दोलन र कोभिड महामारीका कारण ८ वर्षपछि मात्र यो राष्ट्रिय गौरवको आयोजनाले पूर्णता पाएको छ। विमानस्थलमा आठतले कन्ट्रोल टावर, अन्तर्राष्ट्रिय टर्मिनल भवन, प्रशानिक भवन, फायर बिल्डिङ, विद्युत् सबस्टेशन, सुरक्षाकर्मी आवास गृह, चेकिङ काउन्टर, प्रशासनिक भवन, अध्यागमन, कार्गो भवनलगायत संरचना निर्माण भएका छन् ।

तीन हजार मिटर लामो धावनमार्गसहित पाँच विमान पार्किङ क्षमता छ । एक हजार ९०० मिटरको ट्याक्सी वे, धावनमार्ग वरपर १० किलोमिटरको पेरिमिटर सडक, खानेपानी ट्याङ्की, बगैंचाहरूलगायत आवश्यक संरचना तयार भएका छन् । अन्तर्राष्ट्रिय नागरिक उड्डयन सङ्गठनको 'फोर ई' स्तरको यो विमानस्थलबाट एयर बस ३३०, बोइङ ७७७-२०० सिरिजलगायत त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा आउने जुनसुकै जहाजहरू सुरक्षित उडान अवतरण गर्न सक्ने अधिकारीहरूले जनाएका छन् । विमानस्थलको क्षमता प्रतिघण्टा ४०० यात्रुलाई सेवा दिन सक्ने रहेको आयोजनाले जनाएको छ । अधिग्रहण गरिएको जग्गाको मुआब्जासहित यो विमानस्थलको लगानी अहिलेसम्म करिब रु ३२ अर्ब पुगेको बताइएको छ।

सोमबार नै लुम्बिनीमा निर्माण सम्पन्न अन्तर्राष्ट्रिय बौद्ध सम्मेलन तथा ध्यान केन्द्रको उद्घाटन हुने भएको छ । २५६६औं बुद्धपूर्णिमा तथा लुम्बिनी दिवस २०७९ का अवसर पारेर प्रधानमन्त्री देउवाले केन्द्रको उद्घाटन गर्न लाग्नुभएको हो । उद्घाटनको सम्पूर्ण तयारी पूरा भएको लुम्बिनी विकास कोषका कोषाध्यक्ष ढुण्डीराज भट्टराईले जानकारी दिनुभयो । केन्द्रको उद्घाटनपछि बुद्धपूर्णिमाको मूल समारोह कार्यक्रम यसै हलमा आयोजना हुनेछ । समारोहमा प्रधानमन्त्री देउवा र उहाँका भारतीय समकक्षी नरेन्द्र मोदीले सम्बोधन गर्नुहुनेछ।

ध्यानकेन्द्रमा एकैपटक पाँच हजार जना अटाउने छाता शैलीको हलको छाना गर्मीमा चिसो र जाडोमा तातो हुने प्रविधिको जडान गरिएको लुम्बिनी विकास कोषका योजना प्रमुख सरोज भट्टराईले जानकारी दिनुभयो । केन्द्रको चारैतिर पर्खाल लगाइएको छ भने पर्खालभित्र बुद्धका विभिन्न आकर्षक प्रतिमाहरू राखिएका छन् । योजना प्रमुख भट्टराईका अनुसार ७५० मिटर लम्बाइको कम्पाउन्ड वालको साढे सात/सात मिटर फरकमा ९७ बुद्धमूर्ति राखिएका छन् । उक्त सभाहल निर्माणमा पहिलो चरणमा रु ३३ करोड र दोस्रो चरणमा करिब रु २७ करोड खर्च भएको बताइएको छ। उक्त सम्मेलन केन्द्रको २०७५ साल वैशाख १७ गते २५६२औं बुद्ध जयन्तीका अवसरमा राष्ट्रपति विद्यादेवी भण्डारीले शिलान्यास गर्नुभएको थियो।

## स्याङ्जाको हरिनासमा एमाले विजयी

**पोखरापत्र संवाददाता**
**पोखरा, १ जेठ**




स्याङ्जाको हरिनास गाउँपालिकामा नेकपा एमालेका खिमनारायण मानन्धर विजयी भएका छन्।

यसअघि ५ वर्ष गाउँपालिकाको नेतृत्व सम्हालेका मानन्धरले प्रमुख प्रतिस्पर्धी नेपाली काँग्रेस नेतृत्वको गठबन्धनका टोपबहादुर भुजेल 'टोपा'लाई ३७ मतान्तरले पराजित गर्दै विजयी भएका हुन्।

गाउँपालिकाको अध्यक्षमा विजयी मानन्धरले ४ हजार ७ सय ६९ मत प्राप्त गरेका थिए भने काँग्रेसका भुजेलले ४ हजार ७ सय ३२ मत प्राप्त गरेको निर्वाचन अधिकृत घनश्याम सुवेदीले जानकारी दिए । उपाध्यक्षमा पनि एमालेकै इन्द्रकुमारी थापा राना विजयी भएकी छन्। नेकपा माओवादीकी मिठु लम्सालललाई २४ मतले पराजित गर्दै उनी विजयी भएकी हुन् । विजयी रानाले ४ हजार ७ सय ४० मत प्राप्त गरेकी छन् भने लम्सालले ४ हजार ७ सय १६ मत प्राप्त गरेकी छन्। हरिनास गाउँपालिकाका ७ वटा वडामध्ये १ मा काँग्रेसका इन्द्रबहादुर गुरुङ, २ मा काँग्रेसकै चित्रबहादुर थापा, ३ मा एमालेका ओमप्रकाश सिग्देल, ४ मा एमालेकै सन्तबहादुर थापा, ५ मा काँग्रेसका निर्मल लम्साल, ६ मा एमालेका विरबहादुर राना र ७ मा एमालेकै भरत थापा विजयी भएका छन्।

## एमाले सचिव अर्यालका श्रीमान सदस्यमा पराजित

**पोखरापत्र संवाददाता**
**स्याङ्जा, १ जेठ**



नेकपा (एमाले) का सचिव पद्मा कुमारी अर्यालका श्रीमान लक्ष्मीपति पौडेल स्थानीय तह निर्वाचन अर्न्तगत वडा सदस्यमा पराजित भएका छन्।

स्याङ्जाको वालिङ नगरपालिका १ को वडा सदस्यमा उम्मेदवार बनेका पौडेल निर्वाचनमा पराजित भएका हुन्।

वालिङ नगरपालिका वडा १ मा १८ सय ३४ मत खसेको थियो। वडा सदस्यमा विजयी काँग्रेसका शम्भब अर्याललले १ हजार १ सय १२ मत ल्याउँदा खुल्ला सदस्य पदका उम्मेदवारमा पराजित पौडेलले ६ सय ४५ मत ल्याएका छन्।

२०५४ सालमा नेकपा एमालेबाट स्याङ्जाको जिल्ला विकास समितिमा उपसभापति बनेका पूर्वमन्त्री समेत रहेकी अर्यालका श्रीमान पौडेल जिल्ला समन्वय प्रमुखमा उम्मेदवार बन्ने तयारीमा थिए। उनको यो तयारीमा मतदाताको सहयोगमा २६ वर्षिय युवक अर्याल बाधक बनेका छन्।

वडा १ को वडा अध्यक्षमा नेपाली काँग्रेसको तर्फबाट उम्मेदवार पदमा गुरुङले ८ सय ५० मत प्राप्त गरी विजयी हुँदा उनका निकटतम प्रतिस्पर्धी नेकपा एमालेका उम्मेदवार गिरमान गुरुङले ८ सय २९ मत प्राप्त गर्दै पराजित भएका छन्।

वालिङ नगरपालिकाको मेयरका लागि काँग्रेसका तर्फबाट दिलीपप्रताप खाँण र एमालेबाट कृष्ण खाँण प्रतिस्पर्धामा छन् । दिलीप निर्वतमान मेयर हुन्। खाँणद्धयको प्रतिस्पर्धामा प्रारम्भिक मत परिणाममा कृष्ण अगाडी देखिएका छन्।

## नेपालसँगको सम्बन्ध प्रगाढ तुल्याउनु मेरो भ्रमणको उद्देश्य हो : प्रम मोदी

**रासस**
**काठमाडौं, १ जेठ**

भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले नेपालसँगको सम्बन्धलाई थप प्रगाढ तल्याउनु आफ्नो भ्रमणको उद्देश्य भएको बताउनुभएको छ।

लुम्बिनी भ्रमणको पूर्वसन्ध्यामा नयाँ दिल्लीबाट प्रस्थान वक्तव्य जारी गर्दै उहाँले नेपालसँगको भारतको सम्बन्ध अतुलनीय रहेको बताउनुभएको छ।

वक्तव्यमा उहाँले "मेरो भ्रमणको उद्देश्य शताब्दिऔंदेखि प्रगाढ र अभिलेखित पारस्परिक सम्बन्धलाई मनाउने र त्यसलाई अझ गाढा बनाउनका निम्ति हो," भन्नुभएको छ।

प्रधानमन्त्री देउवाको गत महिना भारत भ्रमणका क्रममा भएका फलदायी छलफलपछि प्रधानमन्त्री देउवालाई फेरि भेट्न आफू आतुर रहेको बताउँदै प्रधानमन्त्री मोदीले जलविद्युत्, विकास र सम्पर्क सञ्जार विस्तारलगायत विभिन्न क्षेत्रमा सहयोग बढाउन साझा समझदारीलाई निरन्तरता दिइने वक्तव्यमा उल्लेख गर्नुभएको छ । प्रधानमन्त्री देउवाको निमन्त्रणामा उहाँ भोलि विशेष विमानबाट यहाँ आउँदै हुनुहुन्छ।

## पोखरा महानगरमा गठबन्धन उम्मेदवारको अग्रता

**पोखरापत्र संवाददाता**
**पोखरा, १ जेठ**

स्थानीय तह सदस्य निर्वाचन-२०७९ अन्तर्गत जारी मतगणनामा पोखरा महानगरपालिकामा सत्ता गठबन्धनका उम्मेदवारले अग्रता कायमै राखेका छन्।

पोखरा महानगरको वडा नं १, २, १२ र २३ को तीन हजार ५०० मत गणनामा गठबन्धनबाट प्रमुख पदका उम्मेदवार नेकपा (एकीकृत समाजवादी)का धनराज आचार्यले एक हजार ३४९ मत प्राप्त गरी अग्रता लिनुभएको छ। त्यसैगरी नेकपा (एमाले)का प्रमुखका उम्मेदवार कृष्णबहादुर थापाले एक हजार २५० मतसहित आचार्यलाई पछ्याउनुभएको छ। उपप्रमुखमा गठबन्धनबाट नेपाली कांग्रेसका उम्मेदवार कोपिला रानाभाटले एक हजार ४५० मतसहित अग्रता बनाउनुभएको छ। उहाँका प्रतिस्पर्धी मञ्जुदेवी गुरुङले एक हजार ४०५ मतसहित रानाभाटलाई पछ्याइरहनुभएको छ।


## उजुरीउपर ध्यान दिन एमालेको आग्रह

**रासस**
**पोखरा, १ जेठ**

नेकपा (एमाले) ले स्थानीय तहको निर्वाचनमा पार्टीले दिएको उजुरीउपर गम्भीरताका साथ ध्यान दिएर कार्यान्वयन गर्न आग्रह गरेको छ । पार्टीका महासचिव शङ्खर पोखरेलले आइतबार जारी गरेको प्रेस विज्ञप्तिमा पुनः मतदान र मतगणनाका लागि नेकपा (एमाले)ले दिएको उजुरीउपर गम्भीरतासाथ ध्यान दिई कार्यान्वयन गर्न आग्रह गरिएको हो।

मतदानको दिनलगायत विभिन्न मितिमा केन्द्रीय कार्यालयको तर्फबाट र सम्बन्धित उम्मेदवारहरूले सम्बन्धित पालिकाको निर्वाचन अधिकृत र आयोगसमक्ष दिएका दिएको निवेदनअनुसार निष्पक्ष तवरले पुनः मतदान गराउने र मतगणना गराउन एमालेले आग्रह गरेको छ । "जनताले स्वतन्त्र, निष्पक्ष र धाँधलीरहित तबरबाट आफ्नो जनप्रतिनिधि छनोट गर्ने र ती जनप्रतिनिधिमार्फत राज्य सञ्चालनमा सहभागी हुन पाउनु नै लोकतन्त्रको आधारभूत पक्ष हो" विज्ञप्तिमा भनिएको छ, "यसैले संविधान निर्माणको क्रममा नेकपा (एमाले) राज्यको माथिल्लो तह सङ्घीय सरकारदेखि स्थानीय तहलाई अधिकार सम्पन्न बनाउने पक्षमा उभिएको सबैमा विदितै छ।"

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# नेपाल र भारतबीच पाँचवटा समझदारी हुँदै

**रासस**
**लुम्बिनी, १ जेठ**

नेपाल र भारतबीचको शताब्दी पुरानो शैक्षिक एवं सांस्कृतिक सम्बन्धलाई थप प्रगाढ तुल्याउन दुई देशबीच पाँचवटा समझदारी हुने भएको छ।

भारतका प्रधानमन्त्री नरेन्द्र मोदी र प्रधानमन्त्री शेरबहादुर देउवाको उपस्थितिमा भोलि सोमबार यहाँ पाँचवटा समझदारीपत्रमा हस्ताक्षर हुन लागेको हो। भारतीय शैक्षिक एवं सांस्कृतिक प्रतिष्ठानले लुम्बिनी बौद्ध विश्वविद्यालय र त्रिभुवन विश्वविद्यालयसँग सम्बन्धित एक-एकवटा तथा काठमाडौँ विश्वविद्यालयसँग तीनवटा समझदारीपत्रमा हस्ताक्षर गर्न लागेको हो।

लुम्बिनी बौद्ध विश्वविद्यालय र भारतीय सांस्कृतिक सम्बन्ध परिषद् (आइसिसीआर), त्रिभुवन विश्वविद्यालय नेपाल तथा एशियाली अध्ययन केन्द्र (सिनास) र आइसिसीआर, काठमाडौँ विश्वविद्यालय र आइसिसीआर, सोही विश्वविद्यालय र चेन्नइस्थित भारतीय प्रविधि प्रतिष्ठानसँग अन्य दुईवटा सहमतिपत्रमा हस्ताक्षर गर्ने कार्यक्रम रहेको परराष्ट्र मन्त्रालयले जनाएको छ।

# मर्स्याङ्दीमा स्थगित मतगणना पुनः सञ्चालन

**पोखरापत्र संवाददाता**
**लमजुङ १ जेठ**

जिल्लाको उत्तरी भेग मर्स्याङ्दी गाउँपालिकामा विवादका कारण आइतबार साढे १२ बजेदेखि रोकिएको मतगणना पुनः सुरु भएको छ। नेकपा (एमाले) कार्यकर्ताले गठबन्धका कार्यकर्तालाई घाइते बनाएको र क्षतिपूर्तिको माग गरेपछि मतगणना स्थगित भए पनि साढे चार बजेदेखि पुनः मतगणना सुरु भएको मर्स्याङ्दी निर्वाचन अधिकृत उदयराज काफ्लेले बताउनुभयो। उहाँले भन्नुभयो, "हिजो बेलुका झगडा हुँदा एमालेको कार्यकर्ताबाट कांग्रेसका बुद्धिबहादुर तामाङलगायतका केही युवाहरू घाइते भएका छन्। सोही विषयमा विवाद चर्किंदा मत गणनासमेत स्थगित भएको थियो।" सबै दलका प्रतिनिधि सहभागी भएर सर्वदलीय बैदक बसेर एमालेले घाइतेहरूको उपचार खर्च बेहोर्ने सहमति भएपछि पुनः मतगणना सञ्चालन भएको उहाँको भनाइ छ। यहाँ वडा नं २ र वडा नं ३ को मतगणना हुँदाहुँदै स्थगित भएको थियो। अहिले तिनै वडाको मतगणना गरिने भएको छ।



मतगणनास्थलको अवलोकन गर्दै निर्वाचन अधिकृतः स्याङ्जाको वालिङ नगरपालिकाको मतगणना कार्यको डिजिटल माध्यमबाट अवलोकन गर्दै निर्वाचन अधिकृत उदवीर नेपाली। तस्वीर : तोलाकान्त बगाले/रासस

# भारतीय प्रधानमन्त्री मोदी नेपाल भ्रमणमा आउँदै

**रासस**
**लुम्बिनी, १ जेठ**

भारतका प्रधानमन्त्री नरेन्द्र मोदी नेपालको औपचारिक भ्रमणको सिलसिलामा सोमबार बिहान ११ सदस्यीय प्रतिनिधिमण्डलको नेतृत्व गर्दै यहाँ आइपुग्दै हुनुहुन्छ।

प्रतिनिधिमण्डलमा भारतका राष्ट्रिय सुरक्षा सल्लाहकार अजित डोभल, परराष्ट्र सचिव विनयमोहन क्वात्रा, विदेश मन्त्रालयका सहसचिवद्वय अनिन्दम बाग्ची र अनुराग श्रीवास्तव,



प्रधानमन्त्री कार्यालयका सहसचिव रुद्रा गौरव श्रेष्ठलगायत हुनुहुन्छ।

प्रधानमन्त्री मोदीलाई अन्तरराष्ट्रिय वौद्ध प्रार्थना केन्द्र तथा प्रेक्षालय नजिक निर्माण गरिएको हेलिप्याडमा प्रधानमन्त्री शेरबहादुर देउवा, उहाँकी धर्मपत्नी डा आरजु राणा देउवा, मन्त्रिपरिषद्का सदस्य, लुम्बिनी प्रदेशका मुख्यमन्त्री कुलप्रसाद केसी, काठमाडौँस्थित भारतीय राजदूतावासका कार्यवाहक राजदूत नाम्या खम्पालगायतले स्वागत गर्ने कार्यक्रम छ। भोलि नै दुबै देशका प्रधानमन्त्रीबीच प्रतिनिधिमण्डलस्तरीय वार्ता हुनेछ।

# स्याग्दीको अन्नपूर्ण गाउँपालिकाको मतगणना स्थगित

**पोखरापत्र संवाददाता**
**म्याग्दी, १ जेठ**

याग्दीको अन्नपूर्ण गाउँपालिकाको मतगणना स्थगित भएको छ। नेपाली कांग्रेसका उम्मेदवारले वडा नं ३ को पुनः मतगणनाको माग गरेपछि बिहान १२ बजेदेखि रोकिएको मतगणना अझै सुरु भएको छैन।

निर्वाचन अधिकृत, प्रमुख जिल्ला अधिकारी, सुरक्षा अधिकारी र राजनीतिक दलका प्रतिनिधिहरूबीचको छलफलमा मतगणना अघि बढाउने विषयमा सहमति नजुटेपछि पुन मतगणनाका लागि निर्वाचन आयोगमा अनुमति मागिएको छ। निर्वाचन अधिकृत जानुका सुवेदीले पुनः मतगणनाको निवेदन निर्वाचन आयोगमा पठाइएको र आयोगको निर्णय नआउँदासम्मका लागि मतगणना स्थगित भएको बताउनुभयो।

निर्वाचन अधिकृतको कार्यालयले अन्नपूर्ण-३ दानामा नेकपा (एमाले)का वडाध्यक्षका उम्मेदवार रमेश पुर्जाले ५३४ मत ल्याएर विजयी भएको घोषणा गरेको थियो। नेपाली कांग्रेसका वडाध्यक्षका उम्मेदवार सुरत केसीले ५०८ मत पाएको घोषणा भएको थियो। वडा नं ४ को मतगणना गर्न थालेपछि केसी र कांग्रेसका प्रतिनिधिले पुनः मतगणनाको माग गरेका हुन्। अन्नपूर्ण-३ मा खसेको मतभन्दा गणना भएको मत सङ्ख्या बढी भएको केसीको भनाइ छ। एक हजार ५४५ जना मतदाता रहेको सो वडाको ज्ञानप्रकाश मतदान केन्द्रमा शुक्रबार भएको मतदानमा एक हजार ७६ मत खसेको थियो। पुनः मतगणनाको माग गर्दै कांग्रेसका कार्यकर्ताहरूले निर्वाचन अधिकृतको कार्यालय परिसरमा नाराबाजी गरेका थिए। विवाद समाधानका लागि प्रमुख जिल्ला अधिकारी चिरञ्जीवी रानालगायत सुरक्षा अधिकारी अन्नपूर्ण गाउँपालिकाको केन्द्र पोखरेबगर जानुभएको थियो।

अन्नपूर्ण-१ मा एमालेका दिलीपकुमार गर्बुजा र २ मा एमालेकै ओमप्रकाश फगामी निर्वाचित हुनुभएको थियो। अन्नपूर्णको दुईवटा वडाको एक हजार ५७ मत गनेर सकिदाँसम्म अध्यक्षमा एमालेका पुनले ६९१, कांग्रेसका तिलिजाले ३४२, उपाध्यक्षमा एमालेकी दिवाकुमारी पुनले ६६२ र कांग्रेसले ललिता तिलिजा पुनले ३४४ मत पाउनुभएको छ।

# मानवीय त्रुटीलाई विवादको विषय नबनाऔँ : आयोग

**रासस**
**काठमाडौं, १ जेठ**

निर्वाचन आयोगले मतगणनाका क्रममा हुने सामान्य मानवीय त्रुटीलाई विवादको विषय नबनाउन आग्रह गरेको छ।

अनावश्यक विवाद झिकी मतगणना कार्य रोक्ने, हुलहुज्जत गर्ने, नाराबाजी गर्ने र समग्र मतगणनाकार्यमा ढिलाई गर्ने गरिएका प्रति ध्यानाकर्षण भएको आयोगले जनाएको छ।

मत गणनाका क्रममा देखिएको गतिविधिबाट पूर्वयोजनाअनुसार जेठ ५ गते अगावै मतगणना कार्य सम्पन्न गर्ने उद्देश्यमा असर पुगेको आयोगले जनाएको छ।

आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले आइतबार विज्ञप्ति जारी गर्दै जिल्लामा रहेको जनशक्ति व्यवस्थापन समन्वय समितिसँग समन्वय गरी आवश्यक जनशक्ति व्यवस्थापन गरेर मतगणनालाई तीव्र बनाउन आग्रह गर्नुभएको हो। उपलब्ध भएसम्म नेपाल सरकार तथा प्रदेश सरकारका कर्मचारीलाईमतगणनाकार्यमा प्राथमिकतासाथ खटाउने तथा स्थानको उपलब्धताअनुसार सकेसम्म बढी मतगणना टोली कायम गरी मतगणना गर्ने व्यवस्था मिलाउन पनि आयोगले आग्रह गरेको छ।

# सात मतदान केन्द्रमा मतदान सम्पन्न

**रासस**
**काठमाडौं १ जेठ**

गत वैशाख ३० गते स्थगन भएकामध्ये पाँच स्थानीय तहका विभिन्न सातवटा मतदान केन्द्रमा आइतबार शान्तिपूर्ण रूपमा मतदान भएको छ। गत वैशाख ३० गते स्थगन भएका स्थलका ती मतदान केन्द्रमा मतदान भएको हो।

निर्वाचन आयोगको संयुक्त निर्वाचन सञ्चालन केन्द्र (जिइओसी) मा सङ्कलित विवरणअनुसार जुम्लाको गुठीचौर गाउँपालिका-३ को शङ्कर मावि, गर्ज्याङ्कोट मतदानस्थलको एक मतदान केन्द्र, सप्तरीको डाक्नेश्वरी नगरपालिकाका-२ को जनता मावि, हरिहरा मतदानस्थलका दुई मतदान केन्द्र, कालीकोटको रास्कोट गाउँपालिका-४ को रमालमष्टो मावि, स्युनाको एक मतदान केन्द्र, कालीकोटकै पचालभरना गाउँपालिका-३ को जनता मावि, खार्दुपको एक मतदान केन्द्र, बझाङको जयपृथ्वी नगरपालिका सुनी वडा नं ७ को सुनीपीपल चौर माविको दुई मतदान केन्द्र रहेको छ।

# थासाङको अध्यक्षमा एमाले, उपाध्यक्षमा कांग्रेस विजयी

**पोखरापत्र संवाददाता**
**म्याग्दी, १ जेठ**

मुस्ताङको थासाङ गाउँपालिकाको अध्यक्षमा नेकपा एमाले र उपाध्यक्षमा नेपाली कांग्रेसका उम्मेदवार विजयी भएका छन्।

आइतबार सम्पन्न मतगणनामा गाउँपालिका अध्यक्षमा एमालेका प्रदीप गौचनले एक हजार १४४ मत ल्याएर विजयी हुनुभयो। उपाध्यक्षमा नेपाली कांग्रेसका सोमल हिराचनले एक हजार ११२ मत ल्याएर विजयी हुनुभएको निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ।

अध्यक्षमा कांग्रेसका उम्मेदवार बालकुमारी शेरचनले एक हजार ५५ र उपाध्यक्षमा एमालेका उम्मेदवार सुमिता शेर्पाले एक हजार ८० मत पाउनुभयो। अध्यक्ष ८९ र उपाध्यक्षमा ३२ मनान्तरले जितेका हुन्। गत स्थानीय तह चुनावमा थासाङको अध्यक्ष उपाध्यक्ष दुवै पदमा नेपाली कांग्रेसले जितेको थियो। थासाङको वडा नं १ मा कांग्रेसका सुरेश थकाली, २ मा एमालेका गौतम शेरचन, ३ मा कांग्रेसका हरिप्रसाद गौचन, ४ मा कांग्रेसकै नरेन्द्र शेरचन र ५ मा कांग्रेसका रुपेश तुलाचन विजयी भएका छन्।

दुई हजार ७४७ जना मतदाता रहेको थासाङ गाउँपालिकामा शुक्रबार भएको मतदानमा दुई हजार २४० मत खसेको थियो। मुस्ताङको पाँचवटै स्थानीय तहको मतगणना सकिएको छ। घरपझोङगाउँपालिकाको अध्यक्ष उपाध्यक्षमा कांग्रेस, वारागुङ मुक्तिक्षेत्र, लोघेकर दामोदर कुण्ड र लोमान्थाङ गाउँपालिकाको अध्यक्ष उपाध्यक्षमा एमालेले जितेको छ।

# काठमाडौँ महानगरमा एक हजार ३९० मतले बालेन्द्र अगाडि

**रासस**
**काठमाडौं, १ जेठ**

काठमाडौं महानगरपालिकामा स्वतन्त्र उम्मेदवार बालेन्द्र साह एक हजार ३९० मतान्तरसहित अगाडि रहनुभएको छ।

आइतबारअपराह्न ४ बजे सार्वजनिक परिणामअनुसार स्वतन्त्र उम्मेदवार साहले दुई हजार ८२८ मत प्राप्त गर्दा नेकपा (एमाले)का केशव स्थापितले एक हजार ४३८ मत पाउनुभएको छ। नेपाली कांग्रेसका सिर्जना सिंहले एक हजार ३४० मत प्राप्त गर्नुभएको मुख्य निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ। यस्तै उपप्रमुखमा एमालेका सुनिता डङ्गोलले दुई हजार ८८४, नेकपा (एकीकृत समाजवादी) का रामेश्वर श्रेष्ठले ८२३ र राप्रपाका बिनिता मगैयाले ६७० मत प्राप्त गर्नुभएको छ। कामपा वडा नं १, २, ३, ४, ३२ र ३१ को मतगणना भइरहेको छ। महानगरमा ३२ वडा रहेको छ। शनिबार बिहान ९:३० बजेदेखि मत गणना सुरु गरिएको थियो। तीन लाख २४२ मतदाता रहेको महानगर क्षेत्रमा करिब एक लाख ९० हजार १७० मत खसेको थियो। कामपाको प्रमुखमा ३५ स्वतन्त्रसहित ५५ उम्मेदवार प्रतिस्पर्धामा छन्।


## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ।

लक्षणहरू :

» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

## के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।

महिलाहरुमा देखिने: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समयः प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८


नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

## कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

एक टन सिद्धान्तको तुलनामा एक औंस कामको धेरै मूल्य हुन्छ। - फ्रेडरिक एंगेल्स

## सम्पादकीय

# सरकारको जनघाती काम

गठबन्धनको सरकारले डिजेल, पेट्रोल र मट्टीतेलको ह्वात्तै बढाएको छ । स्थानीय तहको निर्वाचन भए लगत्तै पेट्रोलियम पदार्थको मूल्य बढाउने काम गरेर जनतामाथि घात गरेको छ । वाणिज्य सचिव डा. गणेशप्रसाद पाण्डेय नेतृत्वको आयल निगम सञ्चालक समितिको बैठकले पेट्रोलियम पदार्थमा प्रतिलिटर १० रुपैयाँ मूल्य बढाउने निर्णय गरेको हो । लिटरमा १० रुपैयाँ बढाएर 'खाए खा, नखाए घिच' स्थितिमा जनता परेका छन् । अब पेट्रोलको खुद्रा मूल्य प्रतिलिटर १७० रुपैयाँ पुगेको छ भने डिजेल र मट्टीतेलको मूल्य १५३ रुपैयाँ प्रतिलिटर कायम भएको छ । निगम सञ्चालक समितिको बैठकले शनिबार रातिदेखि लागु हुनेगरी मूल्य बढाउने निर्णय गरेको थियो । स्थानीय तहको निर्वाचनलगत्तै सरकारले पेट्रोलियम पदार्थको मूल्यमा भारी वृद्धि गरेको छ ।

शनिबार मध्यरातबाट लागु हुनेगरी सरकारले दैनिक उपभोग्य अत्यवश्यक वस्तु इन्धनको मूल्यमा भारी वृद्धि गरेर ढाड सेक्ने काम गरेको छ । मूल्य वृद्धिको नयाँ निर्णयसँगै देशैभर अब वस्तु तथा सेवाको ढुवानी र लागत भाडा महँगीने छ । स्थानीय तह निर्वाचनमा मत खसाउन शहरबाट बाहिरिएका जनता काठमाडौं नफर्किंदै मूल्यवृद्धिको चपेटामा परेका छन् । मतदानमा मत संकेतको लागि लगाएको मसी नसुक्दै सरकारले मूल्यवृद्धिको उपहार दिएको छानेपाली जनतालाई जे गरे पनि हुन्छ भन्ने शासकीय दम्भ देखाएको छ । शनिबार बढाइएको इन्धनको मूल्य निगमको इतिहासमै एकैपटक भएको सबै भन्दा ठूलो मूल्यवृद्धि हो । एकै पटकमा लिटरमा १० रुपैयाँसम्म मूल्य घटेको, तर एकै पटक यति धेरै मूल्य बढेको यो नै पहिलो पटक हो ।

नयाँ मूल्यअनुसार अब पेट्रोलको खुद्रा मूल्य प्रतिलिटर १७० रुपैयाँ पुगेको छ भने डिजेल र मट्टितेलको मूल्य १५३ रुपैयाँ प्रतिलिटर कायम भएको छ । यसअघि पेट्रोलको मूल्य प्रतिलिटर १६० रुपैयाँ र डिजेल १४३ रुपैयाँ थियो । यसअघि निगमले २२ चैतमा डिजेल, पेट्रोल, मट्टितेल र खाना पकाउने ग्याँसको मूल्यवृद्धि गरेको थियो । पूर्ण सरकारी स्वमित्वको निगमले घाटा चुलिँदै गएको बहानामा उपभोक्तामाथि पुनः मूल्यवृद्धि थोपरिएको छ । तर, इन्धनको नाममा सरकारले कमाउने कर घटाउन भने कुनै पनि निकायको ध्यान पुगेको देखिन्न ।

अघिल्लो महिनाको विवरणअनुसार आयल निगमको घाटा नौ महिनामा ३३ अर्ब छ तर त्यस अवधिमा सरकारले राजश्व र करमा गरेर उपभोक्ताबाट ८८ अर्ब रुपैयाँ आफ्नो ढुकुटीमा खिचेको छ । सडक मर्मत, प्रदुषण नियन्त्रण, पूर्वाधार विकास कर लगायतका ७ शीर्षकमा सरकारले अहिले भन्सार विन्दुमै उपभोक्ताबाट कर असुल गरेको छापूर्वाधार विकास कर भनी सरकारले पेट्रोलियम पदार्थमा उठाएको कर हालसम्म ९० अर्ब पुगिसकेको छ । बुढीगण्डकी आयोजना निर्माणका लागि भन्दै सरकारले इन्धनमा प्रतिलिटर ५ रुपैयाँ उठाउने गरेको कर पछिल्लो समय बढाएर १० रुपैयाँ बनाएको छ । गत वर्ष पेट्रोलियमबाट मात्रै जनतासँग ९८ अर्ब कर संकलन गरेको सरकारले चालु आर्थिक वर्षको चैत तेस्रो सातासम्म ८८ अर्ब रुपैयाँ कर संकलन गरेको छ । पेट्रोलियम पदार्थको मूल्य हालसम्मकै उच्च विन्दुमा पुग्दा पनि सरकार भने करबारे पुनरावलेकन गर्न तयार छैन ।

शनिवारको मूल्यवृद्धि अघिसम्म पेट्रोलमा ६० रुपैयाँ र डिजेलमा ४३ रुपैयाँ कर सरकारले लगाइ रहेको छ । सरकारले भारतीय आयल निगमबाट प्रतिलिटर ११८ रुपैयाँमा किनेको डिजेलमा मात्रै ४३ रुपैयाँ ४१ पैसा कर उठाउँछ । १०८ रुपैयाँ ६५ पैसामा किनेको पेट्रोलमा ६० रुपैयाँ ६३ पैसा कर लाग्छ भने १११ रुपैयाँमा किनेको मट्टितेलमा १३ रुपैयाँ ४६ पैसा कर सरकारले उठाउने गरेको छ । नेपाल आयल निगमले तेल खरिद गर्ने भारतीय आयल कर्पोरेसन (आईओसी) ले हरेक अंग्रेजी महिनाको १ र १५ तारिखमा १५ दिनको अनुमानित बिक्री मूल्य पठाउने गर्छ ।

जसअनुसार गत वैशाख १८ गते मे एकको दिन नयाँ मूल्य पठाएको थियो । उक्त मूल्यअनुसार निगमलाई पेट्रोलमा २३ र डिजेलमा ४० रुपैयाँसम्म लिटरमै घाटा थियो । १५ दिनमा झण्डै ५ अर्ब १९ करोड घाटा हुने गरी आएको नयाँ मूल्यपछि पनि निगमले स्वचालित मूल्य प्रणालीअनुसार मूल्य बढाएको थिएन । चुनावमा असर पुग्ने ठानेर एकैचोटि ढाड सेक्ने निर्णय परिवर्तन गर्न नागरिक खबरदारी आवश्यक छ ।

# सय ६६ औं बुद्धजयन्तीको तयारी पूरा

**-निरा गौतम**
**काठमाडौं, १ जेठ**

२५ सय ६६ औं बुद्धजयन्ती तथा लुम्बिनी दिवसको तयारी पूरा भएको छ । हरेक वर्ष वैशाख शुक्ल पूर्णिमाका दिन यहाँ विविध कार्यक्रम आयोजना गरी बुद्ध जयन्ती मनाइन्छ । गौतम बुद्धको जन्म, बुद्धत्व प्राप्ति र महापरिनिर्वाण प्राप्ति वैशाख शुक्ल पूर्णिमाकै दिन भएकाले यस दिनलाई बौद्ध धर्मावलम्बीले त्रिसंयोग दिवसका रुपमा लिने गर्छन् ।

बुद्धजयन्तीका कार्यक्रमको तयारी पूरा भएको लुम्बिनी विकास कोषका सदस्य सचिव सानुराजा शाक्यले जानकारी दिनुभयो । उहाँका अनुसार मायादेवी मन्दिरको सरसफाइ, रङरोगन गरी चिटिक्क बनाइएको छ। अन्य क्षेत्रमा सौन्दर्यकरणका काम गरिएको छ ।

मन्दिर आसपासका पुरातात्विक संरचनालाई फूल र मालाले सजाएर आकर्षक बनाइएको छ । मन्दिर परिसरको भित्र, बाहिर र अशोक स्तम्भभित्र सरसफाइ गरेर आकर्षक पारिएको छ । स्तम्भसम्म पुग्ने सडक पनि सफा गरेर सुन्दर बनाइएको छ । मन्दिर र पवित्र उद्यान क्षेत्रमा झिलीमिली बत्ती राखिएको छ । ठाउँ ठाउँमा बुद्ध वचन, वाणी र पञ्चशिलका नयाँ तुल व्यानार टाँसिएको छ । आगन्तुकलाई स्वागतका लागि बाहिर नै गेट बनाइएको छ । अघिल्ला वर्षहरूभन्दा यसपटक लुम्बिनीलाई विशेषरुपमा सजाउने काम गरिएको छ । कोरोना महामारिका कारण अघिल्लो बुद्ध जयन्ती मनाउन नपाएका कारण पनि यो वर्ष विशेष तयारी गरिएको विकास कोषले जनाएको छ ।

लुम्बिनीमै बनेको अन्तर ष्ट्रियस्तरको बौद्ध सभाहल तथा ध्यान केन्द्रको पनि बुद्धजयन्तीका दिन शुभारम्भ गर्ने कार्यक्रम छ । राष्ट्रिय गौरवको योजनाअन्तर्गत निर्माण थालिएको अत्याधुनिक सुविधासहितको सभाहल चार वर्षमा पूरा भएको छ । सो सभाहलको प्रधानमन्त्री शेरबहादुर देउवाले शुभारम्भ गर्नुहुने बताइएको छ ।

तीन वर्षमा सम्पन्न गने योजना रहेको सभाहल कोरोना महामारीका कारण एक वर्ष ढिलो सम्पन्न भएको हो । पाँच हजार सिट क्षमताको यो सभाहलको मुख्य पूर्वाधार को काम पहिलो चरणमा सम्पन्न भएको थियो भने दोस्रो चरणमा फिनिसिङ र सौन्दर्यीकरणको काम पूरा भएको हो । विसं २०७५ वैशाख १७ गते २५६२ औं बुद्धजयन्तीका अवसरमा राष्ट्रपति विद्यादेवी भण्डारीले सो सभाहलको शिलान्यास गर्नुभएको थियो । कोषकाअनुसार छाता शैलीमा निर्माण भएको यो हलमा गर्मीमा चिसो र जाडोमा तातो बनाउन छदेखि आठ डिग्रीसम्म तापक्रम तलमाथि हुन सक्ने इपीएस प्यानल प्रयोग गरिएको छ । लुम्बिनी विकास कोषका योजना प्रमुख सरोज भट्टराईका अनुसार सभाहलको कूल लागत भण्डै रु साढे ७४ करोड रहेको छ । ध्यान र शान्तिको कार्यक्रम गर्ने ठाउँ भएकाले भित्रै पूरै सेतो रङ लगाइएको छ । हलको भित्रतिर माथि पहेलो रङको लोटस बनाइएको छ । भित्र उज्यालोका लागि छतमा ४७६ वटा बत्ती जडान गरिएको छ ।

लुम्बिनीमा हुने बुद्धजयन्ती समारोह, आध्यात्मिक, धार्मिकलगायतका कार्यक्रम गर्ने हलको अभाव भएपछि कोषले दक्षिण एसियाकै नमूना सभाहल निर्माण सुरु गरेको थियो । सन् २०१६ को अन्तर्राष्ट्रिय बौद्ध सम्मेलन मनाउने क्रममा पानीले कार्यक्रम नै प्रभावित बनेपछि सोही कार्यक्रममा उपस्थित हुनुभएका तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले आधुनिक र भव्य सभाहल बनाउन निर्देशन दिनुभएको थियो । सोही बमोजिम मुलुककै ठूलो सभाहल निर्माणको काम पूरा भएको छ ।

सभाहलकै नजिक रु ७५ लाखको लागतमा चारवटा हेलिप्याड निर्माणको कामसमेत सम्पन्न भएको विकास कोषका योजना प्रमुख सरोज भट्टराईले जानकारी दिनुभयो । "लुम्बिनी गुरुयोजनाअनुसार कोषको बाटो पार्कसहित तीनवटा हेलिप्याड निर्माणका लागि ठेक्कमा दिएका थियौँ तर, अहिले डिजाइनमा सामान्य परिवर्तन गरी चारवटा हेलिप्याड बनायौँ", उहाँले भन्नुभयो ।

यस पटक बुद्धजयन्तीको अवसरमा बुद्धजन्मस्थल तथा देवदह र कपिलवस्तुको तिलौराकोटमा चार दिनसम्म विशेष कायर्क्रम गरिने कोषका कोषाध्यक्ष तथा प्रचारप्रसार उपसमितिका संयोजक ढुण्डिराज भट्टराईले जानकारी दिनुभयो । उहाँका अनुसार बुद्धजयन्ती तथा लुम्बिनी दिवसका अवसरमा आज गौतमबुद्धको मावली देवदह तथा अस्तुधातु राखिएको स्थल नवलपरासीको रामग्राममा विशेष कार्यक्रम गरिने छ । जेठ दुई गते बुद्धजयन्ती विशेष समारोह लुम्बिनीमा आयोजना हुने छ । यही जेठ ३ र ४ गते कपिलवस्तुको तिलौराकोटमा कार्यक्रम छ ।

बुद्धजयन्ती तथा लुम्बिनी दिवस मनाउन सो कोषले रु एक करोड बजेट व्यवस्थापन गरेको संयोजक भट्टराईले बताउनुभयो । बौद्ध ग्रन्थका अनुसार इपू ६२३ को वैशाष पूर्णिमाको दिन कपिलवस्तुका राजा शुद्धोदनकी रानी मायादेवी आफ्नो माइती देवदह जाने क्रममा लुम्बिनी उद्यान आइपुगेपछि सिद्धार्थ गौतमको जन्म भएको थियो । अहिले लुम्बिनीमा सुरक्षा व्यवस्था कडा पारिएको छ ।

# म्याग्दीका १५ वडाको मतपरिणाम सार्वजनिक

**पोखरापत्र संवाददाता**
**म्याग्दी, १ जेठ**

शुक्रबार सम्पन्न स्थानीय तह निर्वाचनअन्तर्गत आइतबार बिहानसम्म म्याग्दीका विभिन्न १५ वडाको मतपरिणाम सार्वजनिक भएको छ ।

छवटा स्थानीय तहका ४५ वडाको मतपरिणाम सार्वजनिक हुँदा नेकपा (एमाले)ले सात, नेपाली कांग्रेसले पाँच र नेकपा (माओवादी केन्द्र)ले दुई वडामा विजयी भएका छन् । धौलागिरि गाउँपालिका-१ गुर्जामा माओवादीका झकबहादुर छन्त्याल निर्विरोध हुनुभएको छ ।

अन्नपूर्ण गाउँपालिका-१ को अध्यक्षमा एमालेका दिलीपकुमार गर्बुजाले ३३२ र वडा नम्बर २ मा साही पार्टीका ओमप्रकाश फगामीले ३२९ मत ल्याएर निर्वाचित भएका निर्वाचन अधिकृत जानुका सुवेदीले बताउनुभयो । मालिका गाउँपालिका वडा नम्बर १ मा कांग्रेसका टङ्कप्रसाद पुनले ४६२ मत, वडा नम्बर २ मा एमालेका उदयकुमार बुढाथोकीले ७५१ र वडा नम्बर ३ मा माओवादीका मोतीप्रसाद बुढाले ३४५ मत ल्याएर विजयी हुनुभएको सहायक निर्वाचन अधिकृत हेमराज काफ्लेले जानकारी दिनुभयो । यसैगरी मालिका-४ मा कांग्रेसका भिजेन्द्रमान पुन र ५ मा कांग्रेसका मीम पुन वडा अध्यक्षमा निर्वाचित हुनुभएको छ । बेनी नगरपालिकाको वडा नम्बर १ मा एमालेका टेकबहादुर थापा वडा अध्यक्षमा निर्वाचित हुनुभएको छ। रघुगङ्गा गाउँपालिका-१ को अध्यक्षमा कांग्रेसका बिलप्रसाद फगामी र २ मा एमालेका अमृत भण्डारी विजयी हुनुभएको छ । मङ्गला गाउँपालिका-१ मा एमालेका एकजित रोका र २ मा सोही पार्टीकाका धनबहादुर खाती क्षेत्री विजयी हुनुभएको छ । धौलागिरि गाउँपालिका-२ लुलाङको अध्यक्षमा एमालेका अकप्रसाद विक निर्वाचित हुनुभएको छ । छवटै स्थानीय तहको मतगणना जारी छ । बेनीको मेयरमा एमाले, उपमेयरमा माओवादी, मङ्गला र अन्नपूर्णमा एमाले, मालिका, धौलागिरि र रघुगङ्गा गाउँपालिकाको अध्यक्ष उपाध्यक्षमा कांग्रेसका उम्मेदवारले अग्रता कायम गरेका छन् । कूल ८१ हजार ३७५ मतदाता रहेकोमा ५६ हजार ५४३ मत खसेको थियो । जिल्लामा निर्वाचित हुने २३७ पदका लागि ७१८ जना उम्मेदवार प्रतिस्पर्धामा थिए ।

# तनहुँमा एमाले ७, कांग्रेस ५, माओवादी दुई वडामा निर्वाचित

**पोखरापत्र संवाददाता**
**तनहुँ, १ जेठ**

तनहुँमा नेकपा एमाले ७, नेपाली कांग्रेस ५ र नेकपा माओवादी केन्द्र दुई वडामा विजयी भएको छ। एमालेबाट जिल्लाको देवघाट गाउँपालिका-१ मा मणिराज गुरुङ, बन्दीपुर-४ मा दानबहादुर थापा, भीमाद-२ दिनेश थापा, भीमाद-३ मा पदमसेन ठकुरी, म्याग्दे १ मा मणिभद्र वाग्ले, म्याग्दे -३ मा टुकराज अधिकारी र घिरिङ गाउँपालिका- २ मा नरबहादुर थापा विजयी भएको नेकपा एमाले तनहुँका सचिव राजेश्वर ढकालले जानकारी दिनुभयो ।

यसैगरी नेपाली कांग्रेसबाट ऋषिङ गाउँपालिका-२ मा दलबहादुर थापा, शुक्ला-१ मा रवीचन्द्र पौडेल र वडा नं २ मा सुमन राना, भीमाद नगरपालिका-१ मा दीपक आले तथा देवघाटमा मीनराज राना विजयी भएको नेपाली कांग्रेस तनहुँका सचिव लक्ष्मीभक्त खनालले जानकारी दिनुभयो ।

त्यसैगरी नेकपा माओवादी केन्द्रबाट जिल्लाको आँबुखैरेनी गाउँपालिका-१मा प्रेमबहादुर गुरुङ र ऋषिङ गाउँपालिका-१ मा कुशबहादुर थापा विजयी भएको नेकपा माओवादी केन्द्रका जिल्ला नेता अतिन्द्रकेशरी न्यौपानेले जानकारी दिनुभयो । ऋषिङ १ मा नेकपा माओवादी केन्द्र र एमालेबीच गठबन्धन भएको थियो । तनहुँको दश पालिकामध्ये नौ पालिकामा मतगणना कार्य जारी भए पनि व्यास नगरपालिका-८ मा भएको विवादका कारण मतगणना हुन सकेको छैन् । उक्त वडाका दुई मतदान केन्द्रमा पुनः जेठ ४ गते बिहान ७ बजेदेखि ५ बजेसम्म मतदान गर्ने निर्णय भएको छ ।

# मालिका अध्यक्षमा एमाले विजयी

**पोखरापत्र संवाददाता**
**म्याग्दी, १ जेठ**

म्याग्दीको मालिका गाउँपालिका अध्यक्षमा नेकपा (एमाले)का बेगप्रसाद गर्बुजाले तीन हजार ९१ मत प्राप्त गरी विजयी हुनुभएको छ । गाउँपालिकाको उपाध्यक्षमा एमालेकै लक्ष्मीदेवी पुनले तीन हजार १६७ मत ल्याएर विजयी हुनुभयो । अध्यक्षमा नेपाली कांग्रेसका श्रीप्रसाद रोकाले दुई हजार ९७० मत र नेकपा (माओवादी केन्द्र)का रेशमबहादुर जुग्जालीले दुई हजार २२५ मत पाउनुभएको छ । उपाध्यक्षमा कांग्रेसको पिपला बुढाथोकीले तीन हजार १३९ मत प्राप्त गरेको सहायक निर्वाचन अधिकृत हेमराज काफ्लेले जानकारी दिनुभयो । गर्बुजा विसं २०७४ को स्थानीय तह निर्वाचनमा कांग्रेसका रोकासँग ८५ मतले पराजित हुनुभएको थियो । गाउँपालिका अध्यक्षमा १२१ तथा उपाध्यक्षमा २१ मतान्तरले विजयी हुनुभएको हो । १३ हजार २०१ मतदाता रहेको मालिकामा ६७ दशमलव ७६ प्रतिशत अर्थात् आठ हजार ९४६ मत खसेको जनाइएको छ ।

मालिकामा ३७ पदका लागि १४७ चुनामी मैदानमा उत्रिएका थिए । ७ वडा रहेको मालिकामा एमाले र कांग्रेसले ३/३ वडा तथा माओवादीले एक वडामा विजय प्राप्त गरेको छ ।

# तमानखोला गाउँपालिकाको अध्यक्ष, उपाध्यक्षमा कांग्रेस विजयी

**पोखरापत्र संवाददाता**
**गलकोट, १ जेठ**

बागलुङको तमानखोला गाउँपालिकाको अध्यक्ष र उपाध्यक्ष दुवैमा नेपाली कांग्रेसका उम्मेदवार विजयी भएका छन् । पालिका अध्यक्षमा जोकलाल बुढा र उपाध्यक्षमा हिराकुमारी छन्त्याल विजयी हुनुभएको हो ।

विसं २०७४ को स्थानीय तह निर्वाचनमा दुई हजार २१९ मत ल्याएर निर्वाचित हुनुभएका जोकलाल बुढा यसपटक दुई हजार ७०७ मत ल्याएर पुनः गाउँपालिका अध्यक्षमा निर्वाचित हुनुभएको छ ।

जिल्लाभर संयुक्त पाँच दलले गठबन्धन गरेर चुनावमा गए पनि तमानखोला गाउँपालिकामा गठबन्धन तोडेर आ-आफ्ना उम्मेदवार उठाएका छन् । गाउँपालिका उपाध्यक्षमा माओवादी केन्द्रकी निसु रसाइलीले ८१० मत अन्तरले पराजित गर्दै नेपाली कांग्रेसकी हिराकुमारी छन्त्याल विजयी हुनुभएको छ ।

छन्त्यालले दुई हजार ७१९ मत प्राप्त गर्दा रसाइलीले एक हजार ९५८ मत प्राप्त गर्नुभएको छ । गाउँपालिका अध्यक्षमा नेकपा (माओवादी केन्द्र)का तर्फबाट उम्मेदवार बनेका देवबहादुर पुनले एक हजार ९९५ मत प्राप्त गर्नुभएको छ । नेकपा (एमाले)का तर्फबाट अध्यक्षको उम्मेदवार बनेका देवेन्द्र छन्त्यालले ३९२ मत प्राप्त गर्नुभएको छ। यस्तै उपाध्यक्षका उम्मेदवार तारानाथ सिपालीले एक मत प्राप्त गर्नुभएको छ।

यस्तै पाँचवटा वडा रहेको तमानखोलाको वडा नं १ मा नेकपा (माओवादी केन्द्र)का थमबहादुर रोका, वडा नं २ मा माओवादी केन्द्रका नारायण सुनार, वडा नं ३ मा कांग्रेसका झकबहादुर बुढा, वडा नं ४ मा माओवादी केन्द्रका छवि श्रीपाली, वडा नं ५ मा नेपाली कांग्रेसका हिराबहादुर श्रीपाली र वडा नं ६ मा नेपाली कांग्रेसकै चित्र छन्त्यालको प्यानल विजयी भएको छ ।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

**पोखरा महानगरपालिका वडा नं. १३ दुई कुलोको मुहान बाटो ढलान निर्माण कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।**

**योजनाको नाम: दुई कुलोको मुहानदेखि विजयपुर जाने बाटो निर्माण**

**स्थान: पोखरा-१३ दुइकुलाको मुहान**

**योजना सम्झौता मिति : २०७९/०१/०५ गते**

**योजना सम्पन्न गर्ने मिति : २०७९/०१/३० गते**

**योजना सम्पन्न मिति:( २०७९/०१/२७ गते**

**योजनाको कुल लागत : रु. १०,००,०००/-**

**महानगरपालिकाबाट प्राप्त रकम : रु.७,००,०००/-**

**जन सहभागितावाट : रु.३,००,०००/-**

**उपभोक्ता समिति अध्यक्षः दिल कुमार गुरुङ**

**उपभोक्ता समिति सदस्य: ७ जना, पुरुष: ४ जना, महिला: ३ जना**

**दुई कुलोको मुहान टोल विकास संस्था**
**पोखरा-१३ दुई कुलाको मुहान**


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : कार्यमा सफलता | तुला | : आर्थिक समस्या |
| वृष | : सहयोग मिल्नेछ | वृश्चिक | : मानसिक तनाव |
| मिथुन | : सम्मान मिल्नेछ | धनु | : व्यापारमा लाभ |
| कर्कट | : सत्कार मिल्नेछ | मकर | : शारीरिक झमेला |
| सिंह | : अप्रत्यसित लाभ | कुम्भ | : शत्रुको भय |
| कन्या | : मन चञ्चल | मीन | : झमेला बढ्ने |


**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

